श्री ५ को सरकार

## निर्माण तथा यातायात मन्त्रालयको

## सूचना

यन्त्रशाला बनाउने कामको लागि खण्ड ३ संख्या १८ मिति २०२७।५।१ को ने. रा. प. भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना अनुसार प्राप्त गरिएको बागमती अंचल काठमाडौं जिल्ला भीमसेन गोला गाउँ पंचायतको वार्ड नं. ५ अन्तर्गतको जम्मा जग्गा रोपनी ३३।।।२।। (तेतीस रोपनी चौध आना दुई पैसा) मध्ये उत्तरतर्फको उदिय सिं थापाका नाउँमा दर्ता भएको कि. नं. १७५ को जम्मा जग्गा रोपनी २–९–१ मध्ये उक्त सूचनाद्वारा प्राप्त गरिएको ०–४–३ (चार आना तीन पैसा) जग्गा श्री ५ को सरकारको २०२८।१२।७ का निर्णयानुसार फुकुवा गरिएको छ ।

आज्ञाले–
फणिन्द्रराज हमाल
श्री ५ को सरकारको का. मु. सचिव

श्री ५ को सरकार

## निर्माण तथा यातायात मन्त्रालयको

## सूचना

जग्गा प्राप्ति ऐन ०१८ को दफा ७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले काठमाडौंबाट भक्तपुर जाने सडकमा पर्ने धोविखोलामा नयाँ पुल निर्माण गर्न बागमती अंचल काठमाडौं जिल्लाको निम्न पंचायत वडाभित्र पर्ने निम्न लेखिएका जग्गाहरू प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू ०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

१. बत्तीसपुतली गाउँ पंचायत वडा नं १ को पूर्व कि. नं. २३ को गजराज उपाध्यायको बांकी जग्गा, पश्चिम धोविखोला, उत्तर गोरेटो बाटो, दक्षिण काठमाडौं–भक्तपुर सडक यति ४ किल्लाभित्र पर्ने कि. नं. २३ को जग्गामध्ये ०–३–० र अरू कि. नं. १७, १९, २०, २१, २२, ७४, ८२, ८९, ९०, ९१ भएको मालपोत रू १०।५३ लाग्ने पाखा पहिलो किसिमको जम्मा जग्गा रोपनी २–११–० (दुई रोपनी एघार आना) को कित्ता. . . १

२. बानेश्वर महादेव स्थान गाउँ पंचायत वार्ड नं २ (क) को पूर्व बाटो, पश्चिम धोविखोला, उत्तर काठमाडौं–भक्तपुर सडक, दक्षिण कि. नं. १, ४, ५, ७, ९, ५४, भोलाकृष्ण श्रेष्ठ, टंकनाथ, बेटिमाया, कृष्णबहादुर, न्हुछेनारायण समेतको बांकी जग्गा यति ४ किल्लाभित्र पर्ने कि. नं. १ मध्ये ०–८–० कि. नं. ४ मध्ये ०–४–१ कि. नं. ५ मध्ये ०–२–० कि.नं. ७

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मध्ये ०–५–० कि. नं. ९ मध्ये ०–४–० कि. नं. ५४ मध्ये ०–२–२ र कि. नं. ८ का पूरा समेत जम्मा मालपोत रू. ६।४५ लाग्ने पाखा पहिला किसिमको जम्मा जग्गा रोपनी १–१०–१ (एक रोपनी दश आना एक पैसा) को कित्ता.................१

३. महादेव स्थान गाउँ पंचायत वार्ड नं. २ (ख) को पूर्व कि. नं. २ को जग्गा, पश्चिम बाटो, उत्तर काठमाडौं-भक्तपुर सडक, दक्षिण बाटो र कि. नं. १ को कमलादेवीको बाँकी जग्गा यति ४ किल्लाभित्र पर्ने मालपोत रू. २।६९ लाग्ने पाखा पहिलो किसिमको कि. नं. १ को जग्गामध्ये ०–११–० (एघारआना) को कित्ता .................. १

४. काठमाडौं नगर पंचायत वार्ड नं. २८ (ख) को पूर्व धोविखोला, पश्चिम मैतीदेवी जाने बाटो, उत्तर कि. नं. १५८, १५९, १६१, १६२, १६७, १६८, १६९, १७०, १७१, १८२, १८३, १८५, १९६, १९८, १९९, श्यामसुन्दर, नतकुमारी, हर्षमाया, गोपाल, नानीछोरी, रत्नसिं, कृष्ण, पुन्ननारान, कुलबहादुर समेतको बाँकी जग्गा, दक्षिण काठमाडौं-भक्तपुर सडक यति ४ किल्लाभित्र पर्ने कि. नं. १५८ मध्ये ०–१–० कि. नं. १५९ मध्ये ०–९–१ कि. नं. १६१ मध्ये ०–४–२ कि. नं. १६२ मध्ये ०–०–३ कि. नं. १६७ मध्ये ०–३–० कि. नं. १६८ मध्ये ०–७–२ कि. नं. १६९ मध्ये ०–१–२ कि. नं. १७० मध्ये ०–१२–० कि. नं. १७१ मध्ये १–०–२ कि. नं. १८२ मध्ये ०–५–० कि. नं. १८३ मध्ये ०–८–० कि. नं. १८५ मध्ये ०–४–० कि. नं. १९६ मध्ये ०–९–२ कि. नं. १९८ मध्ये ०–२–० कि. नं १९९ मध्ये ०–६–२ समेत मालपोत रू. २२।२९ लाग्ने धनहर अवल किसिमको जम्मा जग्गा रोपनी ५–११–० (पाँचरोपनी एघार आना) को कित्ता..............१

५. काठमाडौं नगर पंचायत वार्ड नं. २९ (ख) को पूर्व धोविखोला, पश्चिम गोरेटो बाटो, उत्तर काठमाडौं-भक्तपुर सडक, दक्षिण कि. नं. १, २, १०, ११, १२, १८, १९, २०, २२, २३, २४, २६, ३६४, विश्वनाथ मारवारी, बरद बल्लव, नानी बाबा, न्हुछेबहादुर, अष्टमाया, सुकु, कृष्णबहादुर समेतको बाँकी जग्गा यति ४ किल्लाभित्र पर्ने कि. नं. १ मध्ये ०–१५–० कि. नं. २ मध्ये ०–६–२ कि. नं. १० मध्ये ०–११–२ कि. नं. ११ मध्ये ०–३–० कि. मं. १२ मध्ये ०–१४–० कि. नं. १८ मध्ये ०–१२–२ कि. मं. १९ मध्ये १–१–० कि. नं. २० मध्ये ०–५–२ कि. नं. २२ मध्ये ०–११–२ कि. नं. २३ मध्ये ०–७–० कि. नं. २४ मध्ये ०–५–० कि. नं. २६ मध्ये ०–०–२ कि. नं. ३६४ मध्ये ०–३–० समेत जम्मा मालपोत रू. २७।४४ लाग्ने धनहर अवल किसिमको जम्मा जग्गा रोपनी ७–०–० (सातरोपनी) को कित्ता..................................१

आज्ञाले–
फणिन्द्रराज ह्नमाल
श्री ५ को सरकारको का. मु. सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।